प्रश्नोत्तर





# अमूर्त साँस्कृतिक सम्पदा

संयुक्त राष्ट्र संघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

अमूर्त
सांस्कृतिक
सम्पदा







# अमूर्त साँस्कृतिक

## सम्बन्धित प्रश्न र उत्तरहरू...

*साम्बा दी रोडा, रिकन्काभो, बाहिआ*

*वुइगर मक्वम, सिन्जियान, चीन*



तस्वीर © योशी सिमिजु/www.yoshi-shimizu.com

*डम्फूमा नकाव नृत्य, भुटान*

***अमूर्त साँस्कृतिक सम्पदा भनेको के हो ?***

साँस्कृतिक सम्पदाको अर्थ स्मारकहरू एवं वस्तुहरूको संकलनमा मात्रै सिमित हुँदैन । यसमा हाम्रा पुर्खाहरूबाट परम्परागतरूपमा प्राप्त गरी हाम्रा सन्ततिहरूमा हस्तान्तरण हुँदै आएका परम्परा एवं जीवन्त अभिव्यक्तिहरू, जस्तैः मौखिक परम्परा, प्रस्तुति कला, सामाजिक अभ्यास, रीति-रिवाज, चाडपर्व, प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा अभ्यासहरू एवं परम्परागत शिल्पकला निर्माण गर्ने ज्ञान तथा सिपहरू पनि समावेश हुन्छन् । तिनीहरू मूर्त नहुन सक्छन् –तिनीहरूलाई छुन सकिँदैन– तर तिनीहरू हाम्रो साँस्कृतिक सम्पदाका महत्वपूर्ण अंग हुन् । सम्पदाको जीवन्त रूप जुन हाम्रो वातावरण अनुसार हाम्रा अभ्यास र परम्पराहरूलाई अनुकूलन गराउदै जाँदा निरन्तर रूपमा पुनर्निर्माण भैरहन्छ, त्यो अमूर्त साँस्कृतिक सम्पदा हो । यसले हाम्रो आफ्नै संस्कृतिसम्बद्ध पहिचान र आफ्नोपनको अनुभूति गराउँदछ । विश्व परिवर्तित हुँदै जाँदा आधुनिकीकरण र यान्त्रिकीकरण यो जीवन्त प्रक्रियाका अङ्ग बन्न पुग्दछन् - धेरै सन्दर्भहरूमा तिनीहरूले सृजनात्मकतालाई सहयोग पुऱ्याउने तथा प्रबर्द्धन पनि गर्न सक्छन् । तथापि अमूर्त साँस्कृतिक सम्पदाको निर्माण र त्यसलाई अगाडि बढाउनमा मानिसहरूले नै मुख्य भूमिका निर्वाह गर्दछन् ।

अमूर्त साँस्कृतिक सम्पदाको सृजना, धारण र हस्तान्तरण समुदायले संयुक्तरूपमा गर्दछन् । एउटा समुदायले अर्को समुदायको उस्तै खालको सम्पदाअभिव्यक्तिको अभ्यास गर्न सक्छ । छिमेकी गाउँबाट होऊन् वा विश्वको विपरीत ध्रुवका शहरबाट, वा बसाइ सरेर एक भिन्न क्षेत्रमा बसोवास गरेका मानिसहरूले अपनाएका नै किन नहोऊन्, ती सबै एक पुस्ताबाट अर्कोमा हस्तान्तरण हुँदै आएकोले, तिनीहरूको वातावरण अनुरूप क्रमिकरूपमा विकसित भएकाले र हरेक समुदायलाई यसको पहिचान र निरन्तरताको बोध गराउन योगदान पुऱ्याएकाले ती सबै अमूर्त साँस्कृतिक सम्पदा हुन् । एकअर्काका उस्तै सम्पदाहरूको अभ्यास गर्दा एकअर्काका बीच सम्मान र समझदारीको प्रबर्द्धन हुन गइ सामाजिक सद्भावमा बल पुग्न जान्छ ।




मौखिक सम्पदा, जेलेड, बेनिन नाइजेरिया, टोगो




युल वम्याल, मलावी, मोजाम्बिक, जाम्बिया




सान ए को गीत, यमन

# सम्पदासँग

विभिन्न प्रकारका अमूर्त साँस्कृतिक सम्पदाहरूको सिकाइले अरूका लागि सम्मान र अन्तरसाँस्कृतिक सम्वादको प्रबर्द्धन समेत हुन्छ ।

### *'सुरक्षा गर्ने' अथवा 'संरक्षण गर्ने' ?*

जीवन्त रहनका लागि अमूर्त साँस्कृतिक सम्पदा समुदायका लागि सान्दर्भिक, निरन्तररूपमा पुनर्सिर्जित र एक पुस्ताबाट अर्कोमा हस्तान्तरण भएको हुनैपर्छ । अमूर्त साँस्कृतिक सम्पदाका केही सम्पदातत्वहरू सहयोग नपाएमा समाप्त हुने वा लोप हुने खतरा रहन्छ । तर संरक्षणको मतलव साधारण अर्थमा भनिने जस्तो सुरक्षा वा अविनाश होइन, यसले अमूर्त साँस्कृतिक सम्पदालाई एकै ठाउँमा स्थीर बनाउँन र जमाएर राख्न सक्छ । संरक्षण भन्नाले अमूत साँस्कृतिक सम्पदाको जीवन्तता सुनिश्चित गर्नु हो, जसले यसको निरन्तर पुनर्सिर्जना र हस्तान्तरण सुनिश्चित गरोस् भन्ने बुझिन्छ । अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण गर्ने भनेको ज्ञान, सिप र अर्थको हस्तान्तरण गर्नु हो । नृत्य, गीत, संगीत, सांगीतिक बाजागाजा वा शिल्पहरू जस्ता यसका ठोस प्रस्तुतिहरूको उत्पादनमा भन्दा पनि यो एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण तथा सञ्चारमा संलग्न प्रक्रियाहरुमा केन्द्रित हुन्छ ।

अमूर्त साँस्कृतिक सम्पदाको पहिचान र संरक्षण गर्ने सबैभन्दा उत्तम थलो भनेको यसको धारण र अभ्यास गर्ने समुदायहरू नै हुन् । तथापि, बाहिरी व्यक्ति वा निकायले पनि संरक्षणमा सहयोग पुऱ्याउन सक्छन् । उदाहरणका लागि, उनीहरूले विद्यालय, क्याम्पस र विश्वविद्यालय जस्ता अझ बढी औपचारिक संस्थाहरुमा शिक्षाका माध्यमबाट समुदायलाई उनीहरूको अमूर्त साँस्कृतिक सम्पदाका सम्पदातत्वहरूको सूचना संकलन गर्ने, तिनको अभिलेख राख्ने वा अमूर्त साँस्कृतिक सम्पदाका बारेमा ज्ञान प्रसार गरी समुदायलाई सहयोग गर्न सक्छन् । आमसञ्चार माध्यमबाट अमूर्त साँस्कृतिक सम्पदाका बारेमा सूचना प्रबर्द्धन गर्नु पनि संरक्षणलाई सहयोग पुऱ्याउने एक उपाय हो ।

तथापि अमूर्त साँस्कृतिक सम्पदा सँधैभरी संरक्षण गर्नुपर्दैन, न त यसलाई जसरी पनि पुनःजीवित गर्नैपर्छ । कुनै पनि जीवन्त वस्तुहरू जस्तै यसको पनि जीवन चक्र हुन्छ र त्यसैले नयाँ अभिव्यक्तिहरू जन्मिएपछि केहि तत्वहरूले लोप हुनु पर्छ । यस्तो पनि हुन सक्छ कि समुदाय आफैका लागि अमूर्त साँस्कृतिक सम्पदाका निश्चित प्रकारहरू सान्दर्भिक वा अर्थपूर्ण नरहन पनि सक्छन् । अमूर्त साँस्कृतिक सम्पदा महासन्धिमा उल्लेख गरिए झैँ समुदायले उनीहरूको आफ्नो भनी पहिचान गरेका र उनीहरूलाई पहिचान र निरन्तरताको बोध गराउने अमूर्त साँस्कृतिक सम्पदा मात्रै संरक्षण गरिनुपर्छ । कुनै पनि संरक्षणका उपायहरूलाई समुदायको सहमति र संलग्नतामा बनाइनु र लागू गरिनु पर्छ । समुदाय आफैका लागि भएको सम्पदाको मूल्यलाई बङ्ग्याउन सक्ने हुँदा निश्चित सन्दर्भहरुमा समुदायका सम्पदाहरूको संरक्षण गर्न सार्वजनिक हस्तक्षेप नरूचाइन पनि सक्छ । यसका अतिरिक्त, संरक्षणका उपायहरूले जहिले पनि यस्ता सम्पदाहरूका



तस्वीर © संस्कृति तथा ललितकला मन्त्रालय

कम्बोडियाको शाही ब्यालेट

अल सिराह अल हिलालियाह, इजिप्ट

वायाङ कठपुतली नाट्यशाला, इण्डोनेसिया

अजरवैजानी मुघम



तस्वीर © CULTNAT

विशिष्ट पक्षहरू, उदाहरणका लागि पवित्र वा रहस्यमय अमूर्त साँस्कृतिक सम्पदा प्रस्तुतिहरूसम्मको पहुँचलाई नियमन गर्ने प्रथाजन्य प्रचलनहरूलाई  सम्मान गर्नै पर्दछ ।

### *यसलाई हामीले किन संरक्षण गर्नुपर्दछ ?*

अमूर्त साँस्कृतिक सम्पदाले हाम्रो विगत, वर्तमान र भविष्यसँग जोड्दै हामीलाई हाम्रो पहिचन र अपनत्वको बोध गराउने भएकोले यो महत्वपूर्ण हुन्छ । विभिन्न समुदायहरूका अमूर्त साँस्कृतिक सम्पदाको बुझाइले अन्तरसाँस्कृतिक सम्वादमा पनि सहयोग पुऱ्याउँछ र अरूको जीवन पद्धति प्रति आपसी सम्मान जगाउन अभिप्रेरित गर्दछ । अमूर्त साँस्कृतिक सम्पदा आर्थिक तथा सामाजिक दृष्टीकोणले महत्वपूर्ण छ । यसले सामाजिक सद्भावलाई सघाउ पुऱ्याउँछ र व्यक्तिहरूलाई समुदाय र समग्र समाजको एक हिस्साका रूपमा महशुस गर्न सहयोग गर्दछ ।

अमूर्त साँस्कृतिक सम्पदाको महत्व समुदाय आफैद्वारा परिभाषित गरिन्छ । यी अभिव्यक्तिहरूलाई आफ्नो सम्पदाको हिस्साका रूपमा पहिचान गर्ने र यसलाई महत्वपूर्ण ठान्ने पनि समुदाय आफैँ हुन् । अमूर्त साँस्कृतिक सम्पदाको सामाजिक महत्वलाई व्यापारिक महत्वमा परिवर्तन गर्न सकिने वा नसकिने पनि हुन्छ । निश्चित समुदायका लागि अमूर्त साँस्कृतिक सम्पदाको आर्थिक महत्व दोहोरो हुन्छ : समुदायभित्रै हस्तान्तरण गरिएका ज्ञान र सिपहरू, साथै यी ज्ञान र सिपहरूको परिणाम स्वरूप प्राप्त उत्पादन । समुदायद्वारा प्याटेन्ट अधिकारप्राप्त औषधीहरूको साटो परम्परागत औषधीको प्रयोग गर्नु र उत्पादनहरूको व्यापारिक प्रयोग जस्तै, प्रस्तुतिका लागि टिकटहरूको विक्रि गर्नु, हस्तकलाको व्यापार वा पर्यटकहरूलाई आकर्षित गर्नु इत्यादि यसका आर्थिक मुल्यका उदाहरणहरू हुन् ।

यद्यपि यसका उत्पादनहरूको समुदाय आफैँले वा व्यापारका माध्यमबाट गरेको उपभोगको परिणाम स्वरूप अमूर्त साँस्कृतिक सम्पदाको प्रत्यक्ष आर्थिक महत्व मात्रै हुँदैन । समुदायलाई यसको पहिचान र निरन्तरताको बोध गराउन मुख्य भूमिका खेलेर यसले सामाजिक सद्भावमा पनि सहयोग पुऱ्याउँछ जुनबिना विकास असम्भव छ । अमूर्त साँस्कृतिक सम्पदाको अप्रत्यक्ष मूल्य प्रायः अनौपचारिक माध्यमबाट हस्तान्तरण गरिएको ज्ञान, अन्य आर्थिक क्षेत्रमा यसले पारेको प्रभाव र विकासको प्रमुख बाधकका रूपमा रहेको द्वन्द्व रोक्न र समाधान गर्न सक्ने यसको क्षमताको परिणाम स्वरूप प्राप्त हुन्छ ।

समुदायभन्दा बाहिरका मान्छेहरूलाई आकर्षित गर्ने बार्षिक महोत्सव यो वर्ष भएन भने कति जति घाटा होला ? समुदायलाई संयुक्त रूपमा उक्त महोत्सवको आयोजना र प्रस्तुति गर्न सघाएको ज्ञान र सिप सिकाउन कति जति आवश्यक पर्ला ? कृषिका लागि गरिँदै आएको परम्परागत पानी वा भूमि व्यवस्थापनलाई अल्पकालीन लाभ केन्द्रित व्यापारिक प्रणालीले तोडमोड गरिदियो भने कति जति घाटा होला ?

समुदायलाई उनीहरूको अमूर्त साँस्कृतिक सम्पदाबाट वञ्चित गर्दा चुकाउनु पर्ने मूल्य भनेको प्रत्यक्ष वा अप्रत्यक्ष आर्थिक मूल्यहरू लोप भएर उत्पन्न हुने आर्थिक हानि वा समुदायको सामाजिक सद्भाव र आपसी समझदारीमा उत्पन्न हुने खतरा हुनसक्छ । अमूर्त साँस्कृतिक सम्पदा हस्तान्तरणमा क्षय वा रोकावट आउनाले समुदायलाई यसका सामाजिक चिह्नहरूबाट वञ्चित गर्न सक्छ, सीमान्तीकरण र असमझदारी तर्फ धकेल्न सक्छ र पहिचान हराउने र द्वन्द्व निम्तिने हुनसक्छ ।

### *युनेस्को किन ?*

संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक संगठन (युनेस्को) विश्वमा अझ धेरै शान्ति सुनिश्चित गर्नका लागि शिक्षा, सामाजिक र प्राकृतिक विज्ञान, संस्कृति र सञ्चारका क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोगको





तस्वीर © योशी सिमीजु/www.yoshi-shimizu.com



तस्वीर © युनेस्को

प्रबर्द्धन गर्न यी क्षेत्रहरूमा काम गर्ने संयुक्त राष्ट्रको विशेषज्ञता भएको निकाय हो । यसलाई प्राप्त गर्न युनेस्कोले विभिन्न थरिका थुप्रै भूमिकाहरू निर्वाह गर्दछ । यसले आउन सक्ने नैतिक आचरण सम्बन्धी सवालहरूमा विश्वव्यापी सम्झौताहरू निर्माण गर्न विचारहरूको प्रयोगशाला र मापदण्ड निर्धारकका रूपमा काम गर्दछ । यसले १९३ सदस्य राज्यहरू र ६ वटा सह–सदस्यहरूलाई उनीहरूको मानव तथा संस्थागत क्षमता निर्माण गर्न ज्ञानको प्रसार एवं आदानप्रदान गर्ने केन्द्रका रूपमा समेत काम गर्दछ । संयुक्त राष्ट्रभित्र संस्कृतिका क्षेत्रमा काम गर्ने अधिकार प्राप्त एक मात्र निकायका रूपमा युनेस्कोले साझा मूल्य मान्यताहरूका लागि आदर सम्मानमा आधारित वार्ताका लागि वातावरण निर्माण गर्ने काम गरिरहेको छ र यसले अन्तर्राष्ट्रिय सहयोगलाई प्रोत्साहित गर्दछ । यो संगठनले अमूर्त साँस्कृतिक सम्पदाका क्षेत्रमा ६० वर्षदेखि काम गरिरहेको छ, जसमध्येको सबैभन्दा ठूलो उपलब्धी २००३ को अमूर्त साँस्कृतिक सम्पदा संरक्षण महासन्धि अङ्गीकार हुनु हो ।

### *महासन्धि किन ?*

सन् २००३ मा युनेस्कोको साधारण सभाद्वारा अमूर्त साँस्कृतिक सम्पदा संरक्षण महासन्धि अङ्गीकार गरिनु युनेस्कोका सदस्य राज्यहरूले उक्त सम्पदालाई संरक्षण गर्न कानूनी, प्रशासकीय र वित्तीय प्रारूप प्रदान गर्न लामो समयदेखि गरेको प्रयासको परिणाम हो । सन्धिका रूपमा महासन्धि राज्यहरूकाबीच लिखित रूपमा सम्पन्न गरिएको अन्तर्राष्ट्रिय सहमति हो, जसलाई अन्तर्राष्ट्रिय कानूनद्वारा नियमन गरिन्छ । महासन्धिको अनुमोदन गर्ने राज्यहरू यसमा उल्लेखित प्रावधानहरूको परिधिमा रहन सहमत हुन्छन् । यसरी तिनीहरू महासन्धिका पक्षराज्य बन्छन् र महासन्धि अन्तर्गत समेटिएका सबै अधिकारहरूको प्रयोग र यसका दायित्वहरू निर्वाह गर्दछन् ।

२००३ को महासन्धिका मुख्य उद्देश्यहरू अमूर्त साँस्कृतिक सम्पदा संरक्षण गर्नु, यसका प्रति सम्मान सुनिश्चित गर्नु, यसको महत्वका बारेमा चेतना जगाउनु र यी क्षेत्रहरूमा अन्तर्राष्ट्रिय सहायता प्रदान गर्नु हुन् । महासन्धिले अमूर्त साँस्कृतिक सम्पदा संरक्षणमा समुदाय र समूहको भूमिका माथि ध्यान दिएको छ र मानिसहरूले प्रायः सामुहिक रूपमा र धेरैजसो जीवन्त अनुभवका माध्यमबाट सञ्चार गर्ने जीवन्त सम्पदामा जोड दिँदै यसले उत्पादनभन्दा पनि प्रक्रिया र अवस्थाहरूप्रति बढी चासो देखाएको छ । यसले समुदायले महत्वपूर्ण ठानेका सम्पदाहरूसँग सरोकार राख्दछ र शान्तिपूर्ण विकास र सँगसँगै बाच्ने वातावरणको सबलीकरण गर्दै समुदाय, समूह र समग्र समाजको समृद्धिका लागि सृजनशीलता र विविधताको प्रबर्द्धनमा योगदान पुऱ्याउने प्रयत्न गर्दछ ।

### *महासन्धिले कसरी काम गर्दछ ?*

महासन्धिले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा कार्यन्वयन गरिनु पर्ने उपायहरू प्रस्ताव गर्दछ ।

राष्ट्रिय स्तरमा महासन्धिले राज्यको भूभागमा रहेका अमूर्त साँस्कृतिक सम्पदाहरूको संरक्षणका लागि आह्वान गर्दछ । यसले हरेक राज्यहरूलाई समुदाय, समूह र उपयुक्त गैर–सरकारी संस्थाहरूको सहभागितामा यस्ता सम्पदाहरूको पहिचान र परिभाषित गर्न अनुरोध गर्दछ । राज्यहरूले अमूर्त साँस्कृतिक सम्पदाको विवरणसूची बनाउने र त्यसलाई नियमितरूपमा अद्यावधिक गर्नुपर्ने हुन्छ । महासन्धिले संरक्षणका विभिन्न उपायहरूका साथै अमूर्त साँस्कृतिक सम्पदाका क्षेत्रमा चेतना जगाउने, क्षमता अभिवृद्धि गर्ने र शैक्षिक उपायहरूको प्रबर्द्धन गर्ने लक्ष्य लिएका उपायहरू प्रस्ताव गर्दछ ।

अन्तर्राष्ट्रिय स्तरमा, महासन्धिको अनुमोदन गर्ने सबै राज्यहरू हरेक दुई वर्षमा हुने पक्षराज्यहरूको साधारण सभामा भेट्ने गर्दछन् । साधारण सभाले महासन्धिको कार्यन्वयनका लागि रणनैतिक अभिमुखिकरण प्रदान गर्दछ र २४ सदस्यीय अमूर्त साँस्कृतिक सम्पदा



तस्वीर © अचिली ली पेरा/युनेस्को



तस्वीर © एम रेमलाड



तस्वीर © एञ्जेलिन् येनान्/युनेस्को

संरक्षण अन्तरसरकारी समितिको चयन गर्दछ, जसको बैठक महासन्धिका लक्ष्यहरूको प्रबर्द्धन र यसको कार्यान्वयनको अनुगमन गर्न हरेक बर्ष बस्दछ ।

महासन्धिका प्रावधानहरूको प्रभावकारी कार्यान्वयनलाइ मार्गनिर्देश गर्न कार्यसञ्चालन निर्देशिकाहरू बनाइ साधारण सभामा स्वीकृतिका लागि पेश गर्नु समितिका कार्यहरू मध्येको एक हो । साधारण सभाले जून २००८मा कार्यसञ्चालन निर्देशिकाहरूको अवलम्बन गऱ्यो र तिनलाई पुरा गर्ने र संशोधन गर्ने कार्यलाई भावी बैठकहरूमा निरन्तरता दिनेछ । अन्य कुराहरूका अतिरिक्त, कार्यसञ्चालन निर्देशिकामा महासन्धिमा भएका अमूर्त साँस्कृतिक सम्पदाहरूको सूचीकरणका लागि पालना गर्नुपर्ने प्रक्रिया, अन्तर्राष्ट्रिय आर्थिक सहयोगको प्रावधान, समितिका लागि सल्लाहकारकोरूपमा कार्य गर्ने वा महासन्धिको कार्यान्वयनमा समुदायको संलग्नताका लागि गैरसरकारी संस्थाहरूलाई मान्यता दिने जस्ता कुराहरू उल्लेख गरिएको छ ।

### *महासन्धि अन्तर्गत अमूर्त साँस्कृतिक सम्पदालाई अन्तर्राष्ट्रियस्तरमा कसरी मान्यता प्राप्त हुन सक्छ ?*

महासन्धिले मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता अनुसार भएका र समुदायकाबीच आपसी सम्मान तथा दिगो विकासका आवश्यकताहरू पूरा गर्ने अमूर्त साँस्कृतिक सम्पदाहरूलाई संरक्षण गर्ने लक्ष्य राखेको छ । महासन्धिका पक्षराज्यहरूले मात्रै समितिमा विचार गरियोस् भनी अमूर्त साँस्कृतिक सम्पदालाई मनोनयन गर्न सक्ने भए तापनि प्रस्तावहरू सम्बद्ध समुदाय वा समूहको पूर्ण सहभागिता र सहमतिमा बनाइनु पर्छ ।

अन्तरसरकारी समितिले छनौट गरेमा अमूर्त साँस्कृतिक सम्पदा तत्वलाई तत्काल संरक्षण गर्नुपर्ने अमूर्त साँस्कृतिक सम्पदा सूचीमा वा मानवताका प्रतिनिधिमूलक अमूर्त साँस्कृतिक सम्पदा सूचीमा सूचिकृत गरिनेछ । समितिले महासन्धिका उद्देश्य एवं सिद्धान्तहरूलाई सर्वोत्कृष्ट रूपले प्रतिबिम्बित गरेको आधारमा यसले छानेका कार्यक्रम, परियोजना र क्रियाकलापहरूको रजिस्टर अद्यावधिक गर्दछ । यी कार्यक्रम, परियोजना एवं क्रियाकलापहरूले संरक्षणको उदाहरणका रूपमा काम गर्न सक्नेछन् र तिनीहरूलाई राम्रा अभ्यासका रूपमा प्रचारप्रसार गर्न सकिनेछ ।

जीवन्तता – अर्थात् निरन्तर पुनर्सिर्जना र हस्तान्तरण – खतरामा परेका अमूर्त साँस्कृतिक सम्पदाहरूका लागि संरक्षणका उपयुक्त उपायहरू अवलम्बन गर्ने लक्ष्य राखेकाले तत्काल संरक्षण सूची सबैभन्दा महत्वपूर्ण हुन्छ ।

प्रतिनिधिमूलक सूचीमा गरिएको सूचीकरणले अमूर्त साँस्कृतिक सम्पदाको दृष्यता र यसको महत्वका बारेमा जागरूकता सुनिश्चित गर्न एवं सम्वादलाई प्रोत्साहित गर्न योगदान पुऱ्याउने लक्ष्य राख्दछ । यसरी यसले विश्वव्यापी साँस्कृतिक विविधतालाई प्रतिबिम्बित गर्ने एवं मानवीय सृजनशीलतालाई प्रमाणित गर्दछ ।

यी सूचीहरूमा सूचीकृत भएका कारण बढ्न पुगेको दृष्यताले अल्पसंख्यक समूहलाई मान्यता दिन र उनीहरूको कदर गर्न र सूचीकृत अमूर्त साँस्कृतिक सम्पदाको धारण एवं अभ्यास गर्ने समुदाय र समूहको स्वाभिमान एवं प्रतिष्ठालाई माथि उठाउनमा मद्दत गर्न सक्छ । तथापि अमूर्त साँस्कृतिक सम्पदाप्रतिको बढ्दो चासोले यसमाथि कुनै पनि प्रकारको हानिकारक असर नपरोस् भनी सुनिश्चित गर्न अवस्य ध्यान दिनुपर्दछ । उदाहरणका लागि, पर्यटनमा वृद्धि हुँदा समुदायले पर्यटकका मागहरूसँग मेल खाने गरी सम्पदालाई परिवर्तन गर्न वा एउटा जीवन्त अभिव्यक्तिलाई मान्यता दिने र अर्कोलाई नदिने गरेर समूह वा समुदायकाबीच भिन्नता सृजना गर्न सक्ने



तस्वीर © एण्ड्रस रिम्यान

➔ डुडक र उसको संगीत, अर्मेनिया

➔ अरूरो महोत्सव, बोलिभिया

➔➔ अफौंकहाको ग्वौफ, तवना समुदायको संगीत, कोटे डि इभोर

➔➔➔ बिन्स्सँ महोत्सव, वेल्जियम

➔➔➔➔ अपेरा दी पपी, सिसिलियन वस्तुचरण गीत, इटाली



तस्वीर © अनाहित मिनास्याँ/युनेस्को

हुँदा सम्पदा माथि त्यसको विकृत असर पर्न सक्छ । त्यस्तै 'लोकसंस्कृतीकरण' प्रक्रिया वा आधिकारीकता प्रतिको चाह, वा गोप्य वा पवित्र सूचनाहरूलाई नियमन गर्ने प्रथाको बेवास्ता गर्नाले सम्पदा स्थीर भएर रहने खतरा समेत हुन्छ । वास्तवमा यसले अमूर्त साँस्कृतिक सम्पदाको साँस्कृतिक मूल्य भन्दा पनि यसको बजार मूल्यतिर तान्न सक्छ जसका कारण यसको अनुपयुक्त व्यापारिक शोषण हुन सक्छ ।

कुनै पनि अमूर्त साँस्कृतिक सम्पदालाई एकै समयमा प्रतिनिधिमूलक सूची र तत्काल संरक्षण सूचीमा सूचीकृत गर्न सकिँदैन । तिनीहरूका उद्देश्य र सूचीकरणका मापदण्डहरूका साथै हरेकका लागि मनोनयन प्रक्रिया नै फरक हुन्छन् ।

### *के महासन्धि अन्तर्गत धर्म र भाषालाई पनि मान्यता दिन सकिन्छ ?*

धर्मले समुदायलाई पहिचान र निरन्तरताको बोध गराउने भएतापनि, तिनीहरूलाई महासन्धिमा यस्तो अर्थमा समावेश गरिएको छैन । यद्यपि महासन्धिले धर्मद्वारा अभिप्रेरित साँस्कृतिक प्रचलन तथा अभिव्यक्तिहरूका बारेमा चर्चा गरेको छ । उदाहरणका लागि, यसको धारा २ मा सामाजिक प्रचलनहरू, रीतिरिवाज र चाडपर्वहरूलाई अमूर्त साँस्कृतिक सम्पदाका विधाहरू मानिएको छ । त्यसरी नै भाषालाई भाषाकै रूपमा या यसको समग्रता (व्याकरण, शव्द-कोष, वाक्य-विन्यास)का आधारमा महासन्धिमा समावेश गरिएको छैन, तर यसलाई अमूर्त साँस्कृतिक सम्पदाको प्रसार एवं हस्तान्तरणका लागि अत्यन्त महत्वपूर्ण सम्बाहकका रूपमा महत्व दिइएको छ । भाषाविना मौखिक परम्परा र अभिव्यक्तिको अस्तित्व रहँदैन । यसकासाथै, प्रायः सबैजसो अमूर्त साँस्कृतिक सम्पदाहरू –ब्रह्माण्डका बारेमा भएका ज्ञानदेखि रीतिरिवाज वा हस्तकलासम्म – ती सबै तिनीहरूको दैनिक अभ्यास र एकबाट अर्को पुस्तामा हस्तान्तरण हुनका लागि भाषामा नै निर्भर रहन्छन् ।

### *अमूर्त साँस्कृतिक सम्पदा संरक्षणका लागि राज्यले के गर्न सक्छ ?*

समुदाय, जसले अमूर्त साँस्कृति सम्पदा सृजना गरी त्यसलाई जीवन्त राख्दछ, यसको संरक्षणमा पनि उनीहरूको भूमिका अहं हुन्छ । कहिलेकाहीँ उनीहरू आफैसँग यसका लागि आवश्यक शक्ति र स्रोत नहुन सक्छ । यस्तो अवस्थामा तिनीहरूको सम्पदा संरक्षणमा राज्य वा निकाय, संघसंस्थाहरूले मद्दत गर्न तिनीहरूसँग काम गर्न सक्छन् ।

महासन्धिका माध्यमबाट पक्षराज्यहरूलाई उनीहरूको भूभागमा भएका सबै अमूर्त साँस्कृतिक सम्पदातत्वहरू समावेश गरी तिनीहरूको विवरणसूची बनाइ त्यसलाई अद्यावधिक गरेर तिनको संरक्षणमा सघाउन प्रेरित गरिएको छ । यसो गरेर तिनीहरूले लोप हुने खतरामा रहेकासहित, आफ्नो भूभागमा रहेका अमूर्त साँस्कृतिक सम्पदाहरूको लेखाजोखा गर्ने, तीनका बारेमा चेतना जगाउने र निरन्तर रूची जगाएर यसलाई सक्रिय र निरन्तर परिवर्तन हुने जीवन्त सम्पदाको नयाँ उचाइमा पुऱ्याउन सक्छन् । राज्यहरूले आफ्नै तरिकाले विवरणसूचीहरू निर्माण गर्न सक्छन् । तथापि, विवरणसूची तयार गर्ने प्रक्रियामा समुदायलाई संलग्न गर्नुपर्छ र संरक्षणका उपायहरू कार्यान्वयनमा सघाउन अमूर्त साँस्कृतिक सम्पदालाई राम्रोसँग परिभाषित गरिनु पर्छ ।

पक्षराज्यहरूले सम्पदाका विशेष पक्षहरूसम्मको पहुँचलाई नियमन गर्ने परम्परागत प्रचलनहरूलाई सम्मान गर्दै अमूर्त साँस्कृतिक सम्पदासम्मको पहुँच सुनिश्चित गर्न कानूनी, प्राविधिक, प्रशासकीय र वित्तीय उपायहरूका साथै अभिलेख राख्ने संस्थाहरू बनाउने र सुदृढिकरण गर्ने उपायहरू अपनाउन सक्नेछन् । के अभिलेखिकरणले अमूर्त साँस्कृतिक सम्पदालाई स्थिर बनाउन सक्छ ? यदि डकुमेन्ट बनाउने बेलामा उक्त सम्पदाको अवस्था देखाउने लक्ष्य राख्ने हो भने अभिलेखिकरणले सम्पदालाई स्थीर बनाउन सक्दैन । यदि अमूर्त साँस्कृतिक सम्पदाको कुनै सम्पदातत्व खतरामा परेको छ

आर्थिक सहयोग

संयुक्त राष्ट्र संघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

**एसिया-प्रशान्त क्षेत्रमा अमूर्त सांस्कृतिक सम्पदाका लागि युनेस्को संरक्षित अन्तर्राष्ट्रिय सूचना तथा संजाल केन्द्र**

र त्यो संकटमा छ भने अभिलेखमा त्यसले सामना गर्नसक्ने खतरालाई प्रतिबिम्बित गर्नुपर्छ । त्यसैले जीवन्त सम्पदाको पदचिह्न राख्नु महत्वपूर्ण हुन्छ; यसो गर्दा संभावित खतराहरू छिट्टै पहिल्याउन सकिन्छ र सहि उपायहरू अपनाउन सकिन्छ ।

यसका साथै राज्यले अमूर्त साँस्कृतिक सम्पदाको संरक्षणका लागि खास गरेर शैक्षिक, चेतना अभिवृद्धि र सूचना सबन्धी, क्षमता अभिवृद्धि कार्यक्रमहरूको निर्माणका माध्यमबाट तथा ज्ञान हस्तान्तरणका अनौपचारिक उपायहरूलाई सहयोग गरी समाजमा अमूर्त साँस्कृतिक सम्पदाका लागि मान्यता र सम्मान सुनिश्चित गर्नुपर्छ ।

### *के मैले मेरो अमूर्त साँस्कृतिक सम्पदा संरक्षणका लागि आर्थिक सहयोग प्राप्त गर्न सक्छु ?*

सहायता अनुरोध सरकारहरूले मात्रै पेश गर्न सक्दछन् । कार्यक्रम, परियोजना र अन्य क्रियाकलापहरूलाई आर्थिक सहायता उपलब्ध गराउन सन् २००३ को महासन्धि अन्तर्गत एक आर्थिक कोषको स्थापना गरिएको थियो ।



तस्वीर © राष्ट्रिय गरीफुना परिषद

आर्थिक सहयोग वितरण गर्दा विकासशील देशहरू, खास गरेर कम विकसित देशहरूका आवश्यकताहरूप्रति विशेष ध्यान दिइन्छ । आर्थिक कोष विनियोजन गर्दा तत्काल संरक्षण गर्नुपर्ने अमूर्त साँस्कृतिक सम्पदा सूचीमा भएका सम्पदाहरूको संरक्षण र विवरणसूचीको निर्माणलाई विशेष प्राथमिकता दिइन्छ । आपत्कालीन सहायता प्रदान गर्न वा समितिका सत्रहरूमा समुदाय वा समूहका सदस्यहरू एवं अमूर्त साँस्कृतिक सम्पदाका विज्ञहरूको सहभागिताका लागि समेत कोषको प्रयोग गरिन्छ । अन्तर्राष्ट्रिय सहायताका लागि अनुरोध गर्दा आवश्यक पर्ने फारम तथा प्रक्रियाहरू **www.unesco.org/culture/ich/en/forms** मा उपलब्ध छन् । सहायता अनुरोधहरूको तयार गर्नमा युनेस्को मुख्यालय एवं फिल्डमा रहेका सचिवालयहरू, युनेस्कोका लागि राष्ट्रिय आयोग एवं स्थानीय अधिकारीहरूले थप सहयोग प्रदान गर्न सक्छन् ।


### *के महासन्धिले बौद्धिक सम्पत्तिको अधिकारसँग पनि सरोकार राख्छ ?*

महासन्धि बौद्धिक सम्पत्तिको अधिकारका माध्यमबाट कानूनी रूपमा सम्पदा विशेषका अभिव्यक्तिहरू सुरक्षा गर्ने भन्दा पनि अमूर्त साँस्कृतिक सम्पदाको संरक्षणमा –अर्थात, सम्पदा आफैको पहिचान एवं परिभाषित गरी यसको निरन्तर पुनःसिर्जना तथा हस्तान्तरणको सुनिश्चित गर्नमा – केन्द्रित छ । बौद्धिक सम्पत्तिको अधिकार मुख्यतया विश्व बौद्धिक सम्पत्ति संगठनको सामर्थ्य क्षेत्रभित्र पर्दछ । यद्यपि महासन्धिको धारा ३ मा बौद्धिक सम्पत्तिको अधिकारसँग सम्बन्धित कुनै पनि अन्तर्राष्ट्रिय कानूनी दस्तावेजहरूबाट लिइएका पक्षराज्यहरूका अधिकार तथा दायित्वहरू प्रभावित हुने गरी महासन्धिका प्रावधानहरूलाई व्याख्या गर्न पाइने छैन भनी उल्लेख गरिएको छ ।

*भाषा, नृत्य र संगीत, गरीफुना, बेलिज, ग्वाटेमाला, होण्डुरस र निकारागुवा*







अमूर्त
साँस्कृतिक
सम्पदा

अमूर्त साँस्कृतिक सम्पदासँग सम्बद्ध कुनै पनि काम गर्दा अहिलेकै कानूनी स्वरूपमा बौद्धिक सम्पत्तिको अधिकार लागू गर्नु सन्तोषप्रद हुँदैन । क्रमिकरूपमा विकास हुँदैजानु र धेरैको साझा सम्पत्ति हुनु जस्ता यसका विशेषताहरूका साथै प्रायः संयुक्तरूपमा यसलाई ग्रहण गरिनु यसका लागि मुख्य अप्ठ्याराहरू हुन् । वास्तवमा अमूर्त साँस्कृतिक सम्पदा यसलाई धारण र अभ्यास गर्ने समुदाय एवं समूहले निरन्तररूपमा पुनःसिर्जना गरेका कारण क्रमिकरूपमा विकसित हुँदै जाने भएको हुँदा, नृत्य प्रस्तुति, गीतको रेकर्ड गरिएको व्याख्या वा प्याटेन्ट भएको औषधीजन्य वनस्पती जस्ता विशिष्ट अभिव्यक्तिहरूलाई सुरक्षा गर्दा यो अमूर्त साँस्कृतिक सम्पदा स्थिर बन्न सक्ने तथा यसको स्वाभाविक विकासमा अवरोध आउन सक्छ । यसका अतिरिक्त, समुदायले अमूर्त साँस्कृतिक सम्पदाको सृजना, रेखदेख र हस्तान्तरण गर्ने भएकाले यस्ता सम्पदाहरूको संयुक्त धारक को हो भनी निर्धारण गर्न अप्ठ्यारो हुन्छ ।

संयुक्त राष्ट्र संघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

अमूर्त
सांस्कृतिक
सम्पदा

एक पुस्ता देखि अर्को पुस्तासम्म हस्तान्तरण भई आएको अमूर्त साँस्कृतिक सम्पदा निरन्तर रूपमा समुदाय र समूहद्वारा पुनर्निर्मित हुन्छ र यसले उनीहरूलाई पहिचान र निरन्तरताको बोध गराउँछ र यसरी साँस्कृतिक विविधता र मानव सृजनाशीलताका लागि सम्मान प्रबर्द्धन गर्दछ ।

*किन्दु साँस्कृतिक स्थल* (तस्वीर © मार्क सोसार)